# विवाहका चित्रण वा प्रतिकहरू



**शबाथ दिउँसो**

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *उत्पत्ति २:२३-२५; एफिसी ५:२१-३२; इजकिएल १६:४-१४; प्रकाश १८:१-४; उत्पत्ति २४:१-४ र प्रकाश १९:१-९।*

**याद गर्नुपर्ने पद:** **"अनि ती स्वर्गदूतले मलाई भने, 'यो लेख, थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्।' तिनले फेरि मलाई भने, 'परमेश्वरका सत्य वचनहरू यी नै हुन्।'"** *(प्रकाश १९:९)*।

**परमेश्वरका** जनहरूलाई देखाउनुभएको प्रेम र मुक्तिको पक्षलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न बाइबल प्रेम कहानीहरूले भरिएको छ। सबैभन्दा घनिष्ठ प्रेमको चित्रण वैवाहिक सम्बन्धले देखाउँछ। यो प्रेमको बारेमा सिक्ने पाठशाला हो। तर यदि हाम्रो वैवाहिक जीवनमा परमेश्वरको मनसायले हामीलाई चलाउन दियौं भने मात्र त्यस जीवनमा प्रेमको बारेमा हामी सिक्न सक्छौं। वैवाहिक जीवनबाट हामीलाई उहाँले देखाउनुभएको प्रेमका गहिरा पाठहरू हामीले सिक्न सक्छौं। हाम्रो सम्बन्ध उहाँसँग कस्तो हुनुपर्छ भनेर हामीले हाम्रै वैवाहिक सम्बन्धबाट सिक्न सक्छौं। हामीलाई मुक्ति दिने उहाँ कतिसम्म कदम चाल्नुभयो, त्यो पनि हाम्रो दाम्पत्य जीवनबाट नै सिक्न सक्छौं।

प्रेम र विवाहको बारेमा आधुनिक धारणा भ्रष्ट भएकोले परमेश्वरको प्रेमलाई सराहना गर्ने हाम्रो गुण वा क्षमता नै सिथिल भएको छ। हाम्रो वैवाहिक जीवनको करारबाट उहाँसँगको करार (वा बप्तिस्माको समयमा लिएको शपथ)-ले उहाँसँग हाम्रो सम्बन्ध कस्तो हुनुपर्छ भनेर चित्रण गरेको छ। पापले गर्दा अरू साथै विवाहको अवधारणा पनि धेरै भ्रष्ट भए तापनि विवाहचाहिँ सत्यलाई प्रकट गर्ने शक्तिशाली माध्यम अझ पनि हुन सक्छ। वैवाहिक जीवनले नै भविष्यवाणीको सत्यलाई प्रकट गर्न सक्छ। वैवाहिक जीवनले हामीलाई खुशी बनाउने मात्र होइन, हामी त्यसबाट परमेश्वरसँगको हाम्रो सम्बन्धका गहिरा पाठहरू सिक्न सक्छौं।

परमेश्वरको वचनले विवाहको बारेमा विभिन्न चर्चा कसरी गरेको छ भनेर यस अध्यायमा हामी नियाल्नेछौं। विवाहको चित्रण असल पनि हुन सक्छ र खराब पनि हुन सक्छ। परमेश्वरले उहाँका जनहरूसँग कस्तो कारोबार वा सम्बन्ध राख्नुहुन्छ भनेर ती उदाहरणहरूलाई हामी अझ राम्ररी बुझ्न र सिक्न सक्छौं। वैवाहिक जीवनमा कमी कमजोरी होला, तैपनि उहाँको प्रेमको बारेमा केही पाठहरू सिक्न सक्छौं र अन्तिम दिनको घटनाहरूको बारेमा अझ राम्रोसँग बुझ्न सक्नेहुन्छौं।

# एउटै शरीर वा जिउ

मानव प्राणीसँग परमेश्वर कस्तो घनिष्ठ सम्बन्ध राख्न चाहनुहुन्छ भनेर उहाँले विभिन्न चित्रण र प्रतिकहरूद्वारा खुलाउनुभएको छ। त्यसमा विवाहको चित्रण पनि छ। तर वास्तविक रूपमा परमेश्वरले उहाँका जनहरूसँग विवाहभन्दा अपार सम्बन्ध राख्न चाहनुहुन्छ। बाइबलमा परमेश्वर र उहाँका जनहरूको बीचमा हुने सम्बन्धलाई विवाहद्वारा गरिएका चित्रणहरू धेरै छन्। सटीक रूपमा प्रकाशको पुस्तकमा औँल्याएको छ। जब परमेश्वरले विवाहको चित्रणद्वारा आफ्ना जनहरूसँगको सम्बन्धलाई बारम्बार चित्रण गर्नुहुन्छ, तब बाइबलका विद्यार्थीहरूले उहाँले के भन्न खोज्नुभएको हो सो बुझ्न अति महत्त्वपूर्ण छ।

पढ्नुहोस्: **ख्रीष्टसँग मानव प्राणीको सम्बन्ध कस्तो छ भनेर मानव वैवाहिक सम्बन्धले कसरी प्रतिबिम्बित गर्न खोजिएको छ भनेर देहायका पदहरूमा कसरी खुलासा गरेको छ? उत्पत्ति २:२०-२५ र एफिसी ५:२९-३२।**

___

___

फरिसी धर्मगुरुहरूसँगको छलफलमा एक दिन येशूले आदम र हव्वाको विवाहको विवरण उत्पत्तिको पुस्तकबाट औँल्याउनुभएको थियो। येशूसँग विवादमा फस्न तिनीहरूले उहाँसँग तुरुन्तै प्रश्न राखे, “होइन, मोशाले पारपाचुके दिएर पत्नीलाई घरबाट निकाल्न अनुमति किन दिनुभयो?” *(मत्ती १९:७ रूपान्तरित)*।

इस्राएली राष्ट्र र नीतिनियमहरूका निर्माणकर्ता र अगमवक्ता मोशा हुनुहुन्थ्यो भनेर सबै यहूदीहरूले विश्वास गरेका थिए। विवाहको विधिको सृष्टिकर्तालाई उहाँको आफ्नो अगमवक्ताको विरोधमा जानुभएको थियो भन्ने आरोप लगाउन ती धर्मका पण्डितहरूले साहस गरेका थिए। येशूलाई धरापमा पार्न बाइबललाई नै प्रयोग गर्ने नीति तिनीहरूको थियो। उहाँका शिक्षा बाइबलको विपरित थियो भनेर तिनीहरूले प्रमाणित गर्न खोजेका थिए।

वैवाहिक जीवनमा एक आपसमा जिन्दगीभर बफादार भएर बस्ने आदर्श नीति परमेश्वरले नै स्थापना गर्नुभएको थियो। यो सम्पूर्ण मानव प्राणीको अस्तित्वको जग थियो। पतित मानव प्राणीले दुर्भाग्यवस त्यो परमेश्वरको उपहारलाई दुरुपयोग गरेको थियो।

विवाहको महत्त्वलाई बाइबलले जोड दिएकोले यसलाई निरन्तर रूपमा आक्रमण भइरहेको कुरालाई हामीले संयोगको रूपमा लिनुहुन्न। पापको प्रवेश हुनुभन्दा अघि शबाथ पनि मानव कल्याण र हितको निम्ति परमेश्वरले उपहार स्वरूप दिनुभएको थियो। ती दुवैलाई शैतान र उसका मतियारहरूले, चाहे इसाई भनेर दाबी गर्नेहरू नै किन नहून्, तिनीहरूले आक्रमणको चपेटामा पारिरहेको छ। परमेश्वरले आफ्ना सृष्टिसँग घनिष्ठ सम्बन्ध राख्न ती दुवै संस्थाको लक्ष्य हो र ती दुवै शैतानको आक्रमणमा परिरहेका छन्।

दुई पतित वा असिद्ध नर र नारीको बिचको मिल्नुपर्ने जोडीमा जहिले पनि तनावको सम्भावना हुन्छ। ख्रीष्ट र चर्चको बीचमा भएको विवाहले पनि सिद्ध मुक्तिदातासँग असिद्ध दुलहीको साठगाँठ भइरहेको देखाइरहेको हामी पाउँछौं। तैपनि असल वैवाहिक जीवनले परमेश्वरको प्रेमको बारेमा हामीले धेरै सिक्न सक्छौं।

**वैवाहिक जीवनको असल नीतिहरूमा यी तीन नीतिहरूलाई आत्मसात् गर्नु जरुरी छ। पहिलो त जतिसुकै अयोग्य भए तापनि श्रीमान्‌ले श्रीमतीलाई क्षमा दिनुपर्छ जसरी येशूले पनि हामीलाई क्षमा दिनुभयो। दोस्रो, श्रीमतीमा कमी कमजोरीहरू भए तापनि उनलाई स्वीकार गरि नै रहनुपर्छ र दोषहरूलाई क्षमा दिइरहनुपर्छ, जसरी येशूले पनि हामीलाई हाम्रा सबै भुल र कमी कमजोरीहरूसाथ ग्रहण गर्नुहुन्छ। तेस्रो, जसरी येशूले हाम्रो निम्ति ज्यान दिनुभयो, त्यसरी नै हाम्रा जोडीको निम्ति हामी ज्यान दिन सक्नुपर्छ। यी तीन नीतिहरूले हामीसँग परमेश्वर कस्तो सम्बन्ध राख्न चाहनुहुन्छ भनेर हामीलाई बुझाउँछ र सफल वैवाहिक जीवनको निम्ति पनि ती सूत्रहरू लागु गर्न जरुरी छ।**

# सुन्दरी र सौभाग्यवटी दुलही

आफ्ना भक्तजनहरूलाई परमेश्वरले कुन दृष्टिकोणले हेर्नुहुन्छ भनेर इजकिएल १६ले हामीलाई अत्यन्तै चकित बनाउने तरिकाले वर्णन गर्दछ। इस्राएली राष्ट्र खेतबारीमा बेवारिसे तरिकाले फ्याँकिएको शिशुसँग परमेश्वरले तुलना गर्नुभएको छ। त्यो शिशु त्यहीँ मरोस् भनेर निष्ठुर आमाले त्यागेको थियो। उहाँले त्यस शिशुलाई घरमा लानुहुन्छ। उनलाई सफा गर्नुहुन्छ अनि हुर्काउनुहुन्छ। जब उनी ठूली हुन्छिन् तब उनलाई विवाह गर्नुहुन्छ। यो हुन नसक्ने विवाहको प्रभावकारी चित्रण हो।

पढ्नुहोस्: **इजकिएल १६:१-१४ पढ्नुहोस्। खेतमा बेवारिसे तरिकाले फ्याँकिएको शिशु तर हुर्किएपछि दुलहीको उच्च स्थानमा आसन गरिएको विवरणले हामीप्रति परमेश्वरका नियतहरू कस्ता रहेछन् भनेर कसरी सिकाउँछ?**

____________________________________________

____________________________________________

उहाँको स्याहार र संरक्षणमा इस्राएल अत्यन्तै सुन्दरी भइन् भनेर परमेश्वरले बताउनुहुन्छ *(इजकिएल १६:१३)*। जब परमेश्वरले उनलाई पहिला भेट्टाउनुभयो तब कसैले पनि उनी सुन्दरी भएको देखिएको थिएन। उनकै सन्तानबाट उनी त्यागिएकी थिइन्। उनी मरून् भनेर नै खेतबारी वा मरुभूमिमा फ्याँकिएकी थिइन्। जब परमेश्वरले उनमाथि आफ्नो ध्यान राख्नुभयो तब उनी झन्-झन् सुन्दरी भएकी थिइन् र उनी संसारको सामु चर्चाको विषय भएकी थिइन्। राजा दाऊद र सोलोमन राजाको समयमा र अरू इस्राएलका सुरुका राजाहरूको समयमा त्यो चित्रण सत्य थियो। इस्राएलको भव्यता र गौरवको प्रशंसा सुनेर शेबाकी महारानीले इस्राएलसम्म विशेष यात्रा गरेकी थिइन्।

इस्राएलको सुन्दरता सबै परमेश्वरको उपहार थियो। उनी सुन्दरी थिइन्। परमेश्वरकी दुलही भएकोले संसारले उनको बारेमा चर्चा गर्थ्यो। उनको सुन्दरताको विषयमा परमेश्वरले भन्नुभएको थियो, “तेरो सौन्दर्यले गर्दा तेरो ख्याति जाति-

जातिहरूका बीचमा फैलियो, किनभने मैले तँलाई दिएको गौरवको कारण तेरो सौन्दर्य कलङ्करहित थियो” *(इजकिएल १६:१४)*।

बाइबलमा बारम्बार यो विषय दोहोऱ्याइरहेको छ: परमेश्वरकी दुलही सुन्दर छिन्, उनले केही गरेकोले होइन तर उहाँले उनमाथि निगाहा बर्षाउनुभएकोले नै उनको रूप परिवर्तन भएको छ। त्यसै गरी परमेश्वरलाई विश्वास गर्ने भक्तहरू उहाँको अगाडि सुन्दर देखिन्छन्। तर हामी त्यो स्थितिमा आउन हामीले केही गरेकाले होइन। परमेश्वरले हामीहरूलाई निगाहा देखाउनुभएर उहाँको मुक्तिलाई हामीमाथि बर्षाउनुहुन्छ। उहाँको धार्मिकताको वस्त्रले हामीलाई ढाकेकोले हामी सुन्दर छौं। परमेश्वरको आफ्नै धार्मिकताले हामी सजिएका छौं *(२ कोरिन्थी ५:२१)*।

सबै थोकहरू असलै थियो, तर इजकिएलको अर्को पदले उनमा कसरी विकृति पैदा भएको थियो भनेर बताउँछ, “‘तर तैंले आफ्नो सौन्दर्यमा भरोसा राखिस् र तेरो ख्याति फिँजाएर तँ एक वेश्या भइस्। तेरो छेउबाट भएर जाने जोसुकैलाई पनि तैंले आफ्नो निगाह राखिस् र तेरो सौन्दर्य त्यसैको भयो” *(इजकिएल १६:१५)*।

परमेश्वरको महिमा, भलाइ, चरित्र, स्वभाव र मिजासलाई प्रतिबिम्बित गर्न हामी सृष्टि गरिएका थियौं। तर परमेश्वरले नै सृजना गर्नुभएको सौन्दर्यता, इज्जत, सम्मान आफूले आफ्नै लागि बनाएको हो भनेर जब मानिसहरूले फुर्ती लगाउँछन् तब त्यो सुन्दरता सस्तो, कमसल र बेकारको हुन जान्छ साथै समस्याहरू ओइरन थाल्छन्।

**हाम्रो आफ्नै बाहुबल, बुद्धि र चलाकीले ठूलो भएका छौं भनेर फुर्ती लगाउँदा के-के खतराहरू उत्पन्न हुन थाल्छन्? हामी आफैमा के न के छ र हामी परमेश्वरको निगाहा पाउँछौं र उहाँको प्रेमको योग्य छौं भन्ने कुराको सोच कसरी आउन सक्छ? अध्यात्मिक अहङ्कारबाट हामी सधैँ कसरी सुरक्षित भएर बस्ने?**

# होशेको वेश्या पत्नी

परमेश्वरले अगमवक्ता होशेलाई अह्राउनभएको कामचाहिँ आफ्ना सेवकहरूलाई अह्राउनुभएका कामहरूमा एक अनौठो काम हो: जानाजानी वेश्यासँग विवाह गर रे! तर हामीले परमेश्वरको दृष्टिकोणलाई बुझून् भनेर उहाँले होशेलाई प्रतिकको रूपमा प्रयोग गर्नुभएको थियो। मानिसको पाप र विद्रोहले गर्दा परमेश्वरलाई कस्तो पीडा हुन्छ भनेर उहाँले प्रत्यक्ष रूपमा देखाउन चाहनुभएको थियो। संसारका सारा जाति वा राष्ट्रहरूमा परमेश्वरले इस्राएललाई नै आफ्नी प्रिय पत्नी बनाउनुभएको थियो। तर उनले उहाँलाई बारम्बार धोका दिइन् र उहाँको खिलाफमा गद्दारी गरिन्। अचम्म त यो छ कि उहाँले उनलाई फेरि फिर्ता लिनुभयो र पुनर्स्थापित गर्नुभयो।

तुलना गर्नुहोस्: **देहायका पदहरूमा वेश्या भन्ने शब्द प्रयोग गरिएको छ। त्यो कसलाई सम्बोधन गरिएको छ? होशेको कथाबाट इसाई चर्चले के सिक्न सक्छ? पुरानो करारका पापहरूलाई चर्चले नै कुन प्रकारले दोहोऱ्याइरहेको छ? होशे १:२-३; होशे ३:१; प्रकाश १७:१-२ र प्रकाश १८:१-५ पदहरू एक अर्कासँग तुलना गर्नुहोस्।**

________________________________________

________________________________________

पुरानो करारमा इस्राएलीहरूले गरेका प्रायः जसो गलत कामहरू नयाँ करारमा येशू ख्रीष्टको चर्चले पनि दोहोऱ्याउनेछन् भनेर बाइबलले भन्डाफोर गर्दछ। परमेश्वरसँग करार बाँधेका जनहरू निर्वासनमा लगिनुभन्दा पहिले जङ्गली पारामा लागेका थिए। तिनीहरूले छिमेकी देशका विदेशी धर्म वा मूर्तिपूजाका संस्कारहरूलाई इस्राएल राष्ट्रमा नै हुल्याएका थिए। चौथो शताब्दीको सुरुमा इसाई चर्चले नै आफूलाई फाइदा हुने देखेर रोमको सम्राट कन्स्टेन्टाइनलाई चर्चमा भइरहेको वादविवादलाई सुल्झाउन आग्रह गरेको थियो। इसाई जगत्को युगको प्रत्येक मामिलामा परमेश्वरका जनहरूले समस्याहरू महसुस गरिएकोले उहाँबाट होइन तर उहाँबाट विचलित भएर बाहिरबाट समाधानको बाटो खोजेका थिए।

परमेश्वरले व्यक्त गर्नुभएको भावनाहरूले उहाँका जनहरूले के गलत काम गरिरहेका छन् भनेर देखाएको मात्र नभएर उहाँकै भावनामा कस्तो आपत्तिजनक चोट परेको थियो वा परिरहेको छ भनेर प्रकट गरेको छ। कतिपय मानिसहरू आफ्ना प्रिय जोडा वा जोडीले धोका दिँदा कस्तो विचलित अनुभव गर्छन्; येशूलाई विश्वासघात वा गद्दारी गर्नेहरूले स्वर्गका बैठकहरूलाई हल्लाइरहेका वा हल्लाउनेछन् भनेर येशूले हामीलाई जानकारी दिन चाहनुहुन्छ। आफूलाई विश्वासघात गरेको पत्नीलाई फेरि आफूतिरै ल्याउन उनको लामो प्रयास नै होशेको कथाको अचम्म भाग हो।

मानवताको निम्ति परमेश्वरको अन्तिम चित्कारले उहाँका जनहरू बेबिलोनबाट निस्केर आएको उहाँ चाहनुहुन्छ। याद गर्नुहोस्, त्यो आह्वान उहाँले *उहाँका आफ्नै जनहरूलाई* गर्नुभएको थियो, कुनै अपरिचित मानिसहरूलाई होइन। उहाँले आफ्ना जनहरू अत्यन्तै नजिकबाट चिन्नुहुन्छ। उहाँले तिनीहरूलाई प्रेम गर्नुहुन्छ। संसार सत्यानाशको बाटोमा लम्किरहेको छ, यसै समयमा उहाँले आफ्ना जनहरूलाई आफूतिर आउन आग्रह गर्नुहुन्छ जसको लागि मुक्तिको मोल तिर्नुभएका थियो। उहाँले आफ्नै रगतले तिनीहरूलाई किन्नुभएको थियो। उहाँबाट तर्किएर गएका जनहरूलाई आफूतिर तानेर मुक्ति दिन उहाँ गम्भीर हुनुभएको कुरे अरू कुनै शिक्षा, दर्शन वा वादहरूले भन्दा येशूको क्रूसले देखाउँछ।

**आजका इसाई चर्च वा हाम्रै किन नहून् आत्मिक वेश्यावृत्तिमा कसरी लागिरहेको छ भनेर हामीले महसुस गर्न सक्छौं?**

# इसाहका र रिबेका

अब्राहामको उमेर धेरै धल्केको थियो। उनलाई सन्तानको विषयमा परमेश्‍वरका प्रतिज्ञाहरूलाई उनले सोचिरहेका थिए *(उत्पत्ति १५:५)*। उनको सबभन्दा पुरानो र अत्यन्तै विश्‍वास गरेको सेवकलाई गम्भीर कामको निम्ति उनले खटाए।

पढ्नुहोस्: **उत्पत्ति २४:१-४ पढ्नुहोस्। आफ्नो छोरोले कनानीहरूका छोरीहरूबाट विवाह नगरून् भनेर उनले दिएको आदेश किन महत्त्वपूर्ण छ?**

________________________________________

________________________________________

आफ्नो परिवारको सम्बन्ध आफ्नै नाताकुटुम्बभित्रैमा राख्ने र अरू जातिलाई नभित्र्याउने अब्राहामको अठोट जातिय पूर्वाग्रहले उनको दिमागमा स्थान लिएको कारणले थिएन, तर उनको अर्ती आध्यात्मिक थियो। उनी राष्ट्रियताप्रति उनको सरोकार नभएर धार्मिकता वा आत्मियतामा थियो। कनानी धर्मको संस्कारमा नैतिक पतनको चलन भएको अब्राहामलाई राम्रैसँग थाहा थियो। तिनीहरू आफैले बनाएका मिठ्याहा देवीदेवताहरूलाई पूजा गर्दथे। आफूले नै सृजना गरेका संस्कार, संस्कृति र चालचलनमा तिनीहरू बेरिएका थिए। तिनीहरूबाट एक जनालाई विवाह गर्दा उनको छोरो पनि त्यही संस्कारमा पर्नेछन् भनेर उनलाई थाहा थियो।

यो कथा पौराणिक इस्राएलको हो। शताब्दीयौँदेखि यहूदीहरू र इसाईहरूसमेत परमेश्‍वरका जनहरू सारा संसारको निम्ति परमेश्‍वरको गवाही हुनुपर्नेमा तिनीहरू नै झुटो र घटिया धार्मिक शिक्षादीक्षामा बेरिन पुगेका थिए र बेरि नै रहेका छन्। बाइबलको भन्दा मानवीय दर्शन, वाद, संस्कार र धर्ममा तिनीहरू पूरिरहेका छन्। तिनीहरूमा सबभन्दा दुःखलाग्दो वास्तविक सत्य त इसाई चर्चमा नै आइतबारलाई घुसाउन सफल भएको पाइन्छ। यो सूर्यलाई पूजा गर्ने दिन थियो। यो बाइबलले सिकाएको सातौँ दिन शबाथमा सृष्टिकर्ताको आराधना गर्ने परमेश्‍वरको आदेश विपरित थियो। अन्तिम दिनमा आइतबारमा नै पूजा गर्ने गतिविधि चर्को हुनेछ।

**पढ्नुहोस्: उत्पत्ति २४:५७-६७मा विशेष सन्देश छ। यस कथाबाट ख्रीष्ट र उहाँको चर्चको बारेमा विस्तृत पाठहरू हामी के सिक्न सक्छौं? हामी पतित भए तापनि रिबेका इसाहककका टाढाको आफन्त भएकोबाट हामीले के पाठ सिक्न सक्छौं?**

---

---

हामी हाम्रो सृष्टकर्तासँगै नातामा छौं भन्ने कुरामा दुईमत छैन। सुरुमा नै हामीलाई उहाँकै स्वरूपमा सृष्टि गरिएको थियो। पापले गर्दा हामी उहाँबाट अलग भयौं। तैपनि हामी उहाँका ठिक दुलही भनेर उहाँले मान्नुभएको छ। उहाँको दुलही बनेर बस्ने वा नबस्ने आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको छ। तर हामीहरूकै आत्मनिर्णयले उहाँसँगको वैवाहिक सम्बन्धमा आँधीबेहरी ल्याउन सक्छौं।

**हो, परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ। हामी उहाँका दुलही हौं। हामीले उहाँलाई प्रेम गरेको भन्दा बढी उहाँले हामीलाई प्रेम गर्नुहुन्छ। परमेश्वरप्रति हाम्रो प्रेमलाई बलियो र सुदृध पारिराख्न हामीले क्षण क्षणमा र दिन दिनमा के निर्णय गरेर चल्न सक्छौं? उहाँको प्रेमको माला लगाइरहन हामीले के रोजेर रहनुपर्दछ?**

---

# वेश्याको बारेमा फैसला हुन्छ

**पढ्नुहोस्: प्रकाश १९:१-९ पढ्नुहोस्। दुई समारोहहरू सँगसँगै भइरहेको यी पदहरूमा उल्लेख गरिएको छ: वेश्याको अन्त र ख्रीष्टले आफ्नी दुलहीसँग विवाह। दुवै घटनाहरूले परमेश्वरको धार्मिकता र प्रेमिलो चरित्रलाई एकै पल्ट कसरी प्रदर्शन गर्न सम्भव भएको छ?**

---

---

विश्वासघाती जीवन अर्थात् बप्तिस्माको समयमा येशू र चर्चसँग एकमत भएर चल्ने भाकललाई तोडेर चल्दा अत्यन्तै पीडादायी मोल तिर्नुपर्छ। जोडीका बीचमा विश्वासघानले अड्डा जमायो भने तिनीहरूका छोराछोरी र अरूहरूलाई पनि कहालीलाग्दो असर पर्दछ। जतिसुकै दयालु, हितैषी र धैर्य भए पनि जोडीमा एक जनाले विश्वासघात गर्‍यो भने ढिलो वा चाँडो त्यो समय आउँछ जब भत्केको वैवाहिक जीवन फेरि मर्मत *हुन सक्दैन*।

हाम्रो संसार जब त्यस बुँदामा पुग्छ तब मानिसहरूका हृदयहरू कठोर भएर कठाङ्ग्रिएका हुन्छन् र हृदयमा पछुताव गर्ने बिन्दु पनि हुँदैन। त्यस परिस्थितिमा यस संसारको अस्तित्वको निरन्तरताको अर्थ नै हुँदैन। पापले ल्याउने दुःख, कष्ट र आतङ्कका लगामहरू नियन्त्रण नै गर्न सकिएन भने यस संसार रहनुको मतलब नै हुँदैन। अनन्त जीवन गुमाउने आफ्ना प्रियजनहरूप्रति हाम्रो हृदय रोला, पापको भुमरीमा परिरहेको हाम्रो संसार दुःख-कष्टमा पर्ला तर ती सबैको अन्त हुनेछ भन्ने ज्ञानमा हामी रमाउनुपर्दछ। यस संसारको अन्त भएर सुरुमा परमेश्वरको योजनाअनुसार यो पृथ्वीको पुनर्स्थापना हुनेछ भन्ने आशामा हामी झुण्डिरहनुपर्छ। त्यो समय आउनेछ जब कोही पनि परमेश्वरबाट अलग *हुनेछैन* किनकि हामीले कडा बाटोबाट यो सिक्यौं कि उहाँबाट अलग हुँदा हामी वा यस संसारमा विध्वंस मचिन्छ भन्ने उहाँको धारणा ठीक थियो।

**पढ्नुहोस्: प्रकाश २१:१-४मा विवाहको चित्रण कोरिएको छ। यसमा भरिएको आशा र प्रतिज्ञाको अर्थ के हो? ती पदहरूमा हामीलाई दिएको आशाका वाणीहरूमा कसरी विश्वस्त हुन सक्छौं भनेर प्रस्तुत गरिएको छ?**

---

---

"असली रूपमा विवाह भनेको जीवनभरको निम्ति हो। यो ख्रीष्ट र उहाँको चर्चको बिचमा हुने एकाकारको प्रतिक हो। जुन मिजास ख्रीष्टले उहाँको चर्चलाई देखाउनुहुन्छ, त्यही मिजास पति र पत्नीले एक आपसको बिचमा देखाउनुपर्छ।"— एलेन जी. ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ७, पृ. ४६।

जब मानव जातले ख्रीष्टलाई अस्वीकार गरे र तिरस्कार गरेर उहाँलाई दिनुपर्ने हाम्रो प्यार अरू मानव निर्मित देवीदेवताहरूलाई दियो, उहाँले कल्पना नै गर्न नसक्ने पीडा, वेदना र कष्ट भोग्नुभएको थियो। तैपनि उहाँले हाम्रो निम्ति आफूलाई नै सुम्पनुभयो। अरू देवीदेवताहरूमा लागेर हामीले गरेका वेश्यवृति र विश्वासघातको निम्ति उहाँले मोल तिर्नुभयो। यदि हामी पश्चात्ताप गरेर पापबाट फर्केर जिउन सक्यौं भने हामीलाई अनन्त जीवनको प्रतिज्ञा उपलब्ध गराइएको छ।

**प्रकाश २१:१-४मा चित्रण गरेको अन्तको आश्वासनलाई १ पत्रुस १:१८, १९ले कसरी समर्थन जनाएको छ?**

---

**थप जानकारी: देहायका पदहरू पढ्नुहोस्, यूहन्ना २:१-११; मत्ती २२:१-१४; २ कोरन्थी ११:१-५ र मत्ती २५:१-१३।**

बाइबलमा भविष्यवाणीको बारेमा तपाईंलाई बुझाउन धेरै जानकारीहरू दिएका छन्। त्यसलाई कसरी उचित रूपमा प्रयोग गर्ने भन्ने विषयमा धेरै मानिसहरू अलमलिन सक्छन्। बाइबलमा भएका चिन्ह, प्रतिक र चित्रणहरूका ऐतिहासिक जानकारीलाई केवल काल्पनिक, मिथ्या वा दन्त्यकथा भनेर कतिपय इसाईहरूले शताब्दीयौँदेखि सिकाइरहेका छन्। बाइबलका सबै अंशहरू अर्थै अर्थले भरिएका छन्। परमेश्वरले बाइबलमा दिनुभएको घटनाहरूमा वास्तविक घटना र मानिसहरूलाई प्रयोग गर्नुभएको तथ्यलाई हामीले बिर्सिनुहुन्न। चर्चसँग उहाँको भविष्यमा हुने अन्तर्क्रियाहरूलाई प्रस्तुत गर्नुभएर हामीलाई अमूल्य पाठहरू सिकाउन खोज्नुभएको छ भनेर हामीले याद गरि नै रहनुपर्छ।

कानामा भएको विवाहको भोजलाई भविष्यवाणीमा विवाहको प्रतिक भनेर देखाए तापनि त्यो घटना वास्तविकमा नै घटेको थियो। "भोजको निम्ति ख्रीष्टको वचनले प्रशस्त उपलब्ध गराउनुभएको थियो। उहाँले उपलब्ध गराउनुभएको अनुग्रह यति धेरै छ कि मानिसहरूका पाप र अधर्महरूलाई सफासँग धुन सक्छ। त्यही अनुग्रहले मानिसको जीवनलाई नविकरण गरेर उसको प्राणलाई थामिराख्न सक्छ।"—एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. १४९।

उहाँले थप्नुहुन्छः "'परमप्रभु परमेश्वरले आफ्ना दास, अगमवक्ताहरूलाई आफ्नो रहस्य प्रकट नगरीकन केही गर्नुहुन्न।' 'कतिपय रहस्यहरू हाम्रो प्रभुमा निहित भए तापनि,' 'हामीलाई प्रकट गरेका रहस्यहरू हामीलाई र हाम्रा भावी सन्तानले सदाको निम्ति दिएका छन्।' आमोस ३:७; व्यवस्था २९:२९। कतिपय थोकहरू प्रभुले हामीलाई दिनुभएको छ। यदि बाइबलमा कोरिएका भविष्यवाणीहरू प्रार्थना र श्रद्धापूर्वक अध्ययन गर्‍यौं भने उहाँको आशिष् हामीमा हुनेछ भन्ने कुरामा हामी ढुक्क हुनुपर्छ।"—*द डिजाएर अभ एजेज,* पृ. २३४।

## छलफलको लागि प्रश्नहरू:

१. यूहन्ना २:१-११ पढ्नुहोस्। येशूको भविष्यको कामको बारेमा यूहन्नाको सुसमाचारमा अग्रिम चित्रण गरिएका धेरै तत्त्वहरू छन्। यूहन्नाले जानाजानी आफ्ना पाठकहरूले क्रूसतिर अग्रसर गराएका थिए भनेर बाइबलका धेरै टिप्पणीकारहरूले व्यक्त गरेका छन्। यस कथामा भविष्यको राज्य र येशूका चरित्रका विभिन्न पक्षहरू कहाँ देख्नुभएको छ? यसले मुक्तिको योजनाका बारेमा हामीलाई के सिकाउँछ वा परमेश्वरको पुत्रसँग हुने विवाहको अन्तिम चरणको प्रतिज्ञाको बारेमा तपाईंले कसरी बुझ्नुहुन्छ?

२. बाइबलका विद्यार्थीहरूमा दश कन्याको अर्तीकथा लोकप्रिय छ। यसले युगको अन्तिम दिनका घटनाहरूको बारेमा हामीलाई के सिकाउँछ? दुलाह ढिलो भएको अर्थ केही छ? येशूसँग हाम्रो व्यक्तिगत सम्बन्ध र चर्चसँग सामुहिक सम्बन्धको बारेमा यसले हामीलाई के सिकाउँछ?

३. इसाई जगत्मा नै बाहिरबाट झुटो वा गलत शिक्षाहरू घुसेको र व्यवहारमा चलाएको सोच्नुहोस्। आइतबार बाहेक अरू के झुटो वा गलत शिक्षाहरू चर्चमा घुसेका छन्? तिनीहरू कसरी भित्रिए र त्यसबाट हामी मात्र होइन अरूलाई पनि सजग गराउन हामी के गर्नुपर्छ? तीन स्वर्गदूतका सन्देशहरूले गलत शिक्षाहरू चर्चमा नघुसाउन कसरी सिकाउँछन् र अरूहरूलाई पनि त्यसमा सजग गराउन हामी कसरी सहयोग गर्न सक्छौं?

# नौनीको ठूलो बाल्टिन

*लेखक:* आन्ड्र्यु मेकचेस्नी

परिवारमा धेरै समयदेखि रहेको गाईलाई कसैले चोरेपछि आमाले नयाँ गाईलाई रक्षा गर्न कुकुर ल्याइन्। कुकुरले उनको दशांश पनि सुरक्षा गरेको उनले चाहेकी थिइन्। त्यो दशांश थियो ठूलो बाल्टिनमा भएको नौनी।

शबाथलाई पालन गरेकोले सोभियतसंघको टाढा रहेको श्रम शिविरमा बाबुलाई कैद गरिएको थियो। सोभियतसंघको दक्षिण राज्यमा भएको टाजिक्स्थानमा बसोबास गरेका आमा र दुई साना छोराछोरीहरूको आम्दानीको स्रोत केवल गाई मात्र थियो। आमाले दूध दुहेर बजारमा लिएर जान्थिन् र अरू खाने कुराहरूसँग साट्थिन्। दूधको दश भागको एक भाग दशांशको रूपमा अलग गर्थिन्। त्यो दूधले उनले नौनी बनाएर बाल्टिनमा जम्मा गर्थिन्। जब बाल्टिन भरिन्थ्यो तब त्यसलाई बेच्थिन्।

एक दिन आमाले दूध दुहेपछि दुई छोराछोरीहरूलाई घरमै राखेर बजार गइन्। ढोका नखोल भनेर तिनीहरूलाई आमाले अह्राइन्। उनले नौनीको बाल्टिन हेरिन्। त्यो कुकुरको नजिक थियो। कुकुर आँगनमा बाँधिएको थियो। अनि उनी गइन्। केटाकेटीहरू पर्खे र लामो समयसम्म पर्खे। अनि अपरिचित मानिस घरको आँगनमा आयो। कुकुरले भुकेन। त्यो मुसलमानको लुगा लगाएको मानिस थियो। ऊ कुकुरको नजिक गयो। तर कुकुरले नदेखेको जस्तै गर्‍यो। त्यस मानिसले नौनीको बाल्टिन लियो र फर्केर गयो। पछि केटाकेटीहरूले उत्तेजित भएर आमालाई के भएको थियो सो सुनाए। कसैलाई थाहा थिएन त्यस बेला के भएको थियो।

धेरै वर्षपछि बाबुलाई श्रम शिविर रहेको झ्यालखानाबाट निकालियो र फेरि पास्टरीय काम गर्न थाले। अब तिनीहरूका पाँच जना छोराछोरीहरू भएका थिए। जेठी छोरो निनाले विवाह गरिन् र उनका आफ्नै छोराछोरीहरू भएका थिए। उनले मल कारखानाका अफिसहरू सफा गर्ने काम पाइन्। तलब लिन कारखानाको खजान्चीकहाँ जानुपर्थ्यो। एक दिन तलब पाउन पर्खिरहेकी थिइन्, त्यस खजान्चीसँग

नौनीको बाल्टिनको बारेमा चर्चा गर्न थालिन्। उनले निनाको कथा बढो उत्सुकसाथ सुनिरहेकी थिइन्। निनाले उनको घरमा मुसलमान लुगा लगाएको मानिसको बारेमा सुनाइन्। "त्यो कहिले भयो?" आश्चर्यचकित हुँदै खजान्चीले सोधिन्। उनी रुन पो थालिन्। "त्यो कथा कसरी अन्त्य भयो के तपाईंलाई थाहा छ?" उनले सोधिन्। उनी र उनका दाजुभाइहरू साइबेरियामा हुर्केका थिए। बाबुआमाहरू दोस्रो विश्व युद्धमा मारिएका थिए। तिनीहरू हजुरमा र हजुरबासँग रहन्थे। त्यो कठिन परिस्थितिको समय थियो। खानेकुरा सिद्धिएको थियो। हजुरबाले खाली टेबुलको वरिपरि पाँच केटाकेटीहरूलाई प्रार्थना गर्न डाके। जब प्रार्थना गर्दैथिए तिनीहरूको ढोका कसैले घचघच्यायो। त्यहाँ मुसलमान वस्त्र लगाएको मानिस बाहिर उभिएको थियो। उनको एउटा हातमा नौनीको बाल्टिन थियो र अर्को हातमा पाउरोटी थियो।

मल कारखानामा त्यस खजान्चीले निनालाई परमेश्वरको बारेमा बढी सुनाउन अनुरोध गरिन्। केही समयपछि खजान्ची र उनकी छोरीले येशूलाई विश्वास गरे र एड्भेन्टिस्ट चर्चमा सरिक भए।

आजसम्म पनि त्यो रहस्यमय अपरिचित मानिस को हो भनेर पहिचान गर्न सकेको छैन। तर निनाकी छोरी लिउबोभ ब्रन्टलाई थाहा थियो त्यो व्यक्ति स्वर्गदूत थिए।

"टाजिक्स्थानबाट टाढा रहेको साइबेरिया नौनी र पाउरोटी लान एक क्षण मात्र लागेको थियो। स्वर्गदूतले पाउरोटीचाहिँ कहाँ पाए त्यो मलाई थाहा छैन। त्यो कथा सुन्न म स्वर्गमा जान आत्तुरी भएको छु," उनले सुनाइन्।